# नरहरिनाथ गाउँपालिका

## आर्थिक वर्ष २०७९।८० को नीति तथा कार्यक्रम

**गाउँसभाका सदस्यज्यूहरू,**

नरहिनाथ गाउँपालिकाका उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरू, गाउँसभाका सम्पूर्ण सदस्यहरू, पूर्व जनप्रतिनिधीहरू, कर्मचारी, पत्रकार तथा सम्पूर्ण उपस्थित महानुभावहरुमा सर्वप्रथम नरहरिनाथ गाउँपालिकाको एघारौं अधिवेशनमा हार्दिक स्वागत गर्दछु।

यस अवसरमा नेपालमा संघीय लोकतान्त्रान्त्रिक गणतन्त्रात्मक व्यवस्थाको स्थापना गर्न बलिदान गर्नुहुने सम्पूर्ण सहिदप्रति भावपूर्ण श्रदाञ्जली अर्पण गर्दछु।

प्रस्तुत गाउँसभा मिति २०७९।१।३० मा सम्पन्न भएको स्थानीय तह सदस्यको निर्वाचन मार्फत हामीलाई निर्वाचित गराउनु भएकोमा सम्पूर्ण नरहरिनाथवासी दाजुभाइ तथा दिदीबहिनीहरूलाई हार्दिक आधार सहित धन्यवाद ज्ञापन गर्दछु। साथै नव निर्वाचित सम्पूर्ण सभाका सदस्यहरू प्रति हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्न चाहन्छु।

स्थानीय तहको दोस्रो निर्वाचन पश्चात पहिलोपटक नरहरिनाथ गाउँपालिकाको आ.व. २०७९।८० को नीति तथा कार्यक्रम यस सभामा पेश गर्न पाउँदा मलाई खुसी लागेको छ। निर्वाचनपश्चात नरहरिनाथ गाउँपालिकाका सम्पूर्ण जनताले नयाँ जनप्रतिधिमार्फत राखेका विकासका वैध अपेक्षाहरू साकार हुँदै जाने विश्वास लिएको छु। नरहरिनाथ गाउँपालिकाको समग्र विकासको लागि पहिलो स्थानीय तह सदस्य निर्वाचनबाट निर्वाचित भइ सेवा गर्नुभएका पूर्व जनप्रतिनिधीज्यूहरूलाई उहाँहरुको योगदानको लागि हार्दिक धन्यवाद समेत व्यक्त गर्न चाहन्छु।

**गाउँसभा सदस्यज्यूहरू,**

**अब म गाउँपालिकाको सन्दर्भमा लिइने समग्र नीतिको सन्दर्भमा जानकारी गराउन अनुमती चाहन्छु।**

**१. गाउँपालिकाको समग्र नीति**

१.१. गाउँपालिकालाई नगरपालिकामा रुपान्तरण गर्न आवश्यक पूर्वाधार विकासका कार्यहरूमा जोड दिइनेछ।

१.२. गाउँपालिकाको समग्र सार्वजनिक सेवा प्रवाहमा सुशासनको प्रत्याभुती आम नागरिकलाई गराउन विद्युतीय शासनमा जोड दिइनेछ। साथै सुचना प्रविधिमा आम सर्वसाधारणको पहुँचलाई सुनिश्चित गर्न विशेष जोड दिइनेछ।

१.३. गाउँपालिकाको ५ वर्षे विकासको खाका सहितको आवधिक योजना तर्जुमा तथा कार्यान्वयन गरिनेछ।

१.४. गाउँपालिकाको गरिवीलाई न्यूनीकरण गर्न तथा स्वरोजगार सिर्जनाका लागि विकास कार्यहरूलाई लक्षित गरिनेछ।

**गाउँसभाका सदस्यज्यूहरू,**

**अव म विषयगत नीति तथा कार्यक्रम प्रस्तुत गर्न अनुमती चाहन्छु।**

## २. आर्थिक तथा रोजगार नीति

### २.१. कृषि, खाद्य तथा पशु नीति

२.१.१. **कृषिमा अभिवृद्धी नरहरिनाथको समृद्धी** नाराका साथ गाउँपालिकाको कृषि क्षेत्रको विकासका लागि लगानी अभिवृद्धी गरिनेछ।

२.१.२. किसान सूचीकरण कार्यलाई प्रभावकारी बनाइनेछ।

२.१.३. कृषि, पशुपंछी तथा मत्य तथ्याङ्क अद्यावधिक गरिनेछ।

२.१.४. व्यवसायिक तथा सामुहिक कृषिमार्फत स्वरोजगार हुन युवालाई प्रोत्साहित गर्ने नीति लिइनेछ। जसको लागि कृषि अनुदानको व्यवस्था गरिनेछ।

२.१.५. मकैवाली प्रवर्द्धनको लागि आवश्यक लगानी गरिनेछ।

२.१.६. कृषिमा आधुनिकीकरण तथा यान्त्रिकीकरण गरी उत्पादकत्व अभिवृद्धि गर्न किसानलाई नविन प्रविधि हस्तान्तरणको व्यवस्था मिलाइनेछ।

२.१.७. सिचाई कुलो निर्माणलाई विशेष प्राथमिकतामा राखिनेछ।

२.१.८. ओखर तथा स्याउँको पकेट क्षेत्र घोषणा गरी ओखर खेतीलाई प्रोत्साहन गरिनेछ।

२.१.९. दलहन खेतीलाई प्रोत्साहन गरी दलहन बालीमा आत्मनिर्भर भई निर्यात प्रवर्द्धन गर्न दलहन बाली पकेट क्षेत्र घोषणा गरिनेछ।

२.१.१०. पशुपालन व्यवसायलाई प्रोत्साहन गरी गाउँपालिकालाई मासुजन्य आयातलाई निरुत्साहित गरिनेछ।

२.१.११. कृत्रिम गर्भाधान मिसन कार्यक्रम मार्फत पशुपालन व्यवसायलाई उत्पादनशील बनाइनेछ।

२.१.१२. कृषि सहकारीलाई प्रवर्द्धन तथा प्रोत्साहन गर्दै कम्तीमा **एक वडा एक सहकारी**को अभियान सञ्चालन गरिनेछ।

२.१.१३. वडा स्तरमा कृषि प्रशारण केन्द्र स्थापनाको लागि आवश्यक कार्य गरिनेछ।

२.१.१४. कृषि अनुदान वितरणलाई मापदण्डमा आधारित बनाई वास्तविक किसान केन्द्रित गरिनेछ।

## २.२. ग्रामीण उद्योग तथा व्यापार नीति

२.२.१. कृषिलाई उद्योग र उद्योगलाई व्यापारसँग जोड्न आवश्यक नीति अवलम्बन गरिनेछ।

२.२.२. गाउँपालिकाका ग्रामीण उद्योग तथा प्रविधिको पहिचान तथा अभिलेखीकरण गरी संरक्षण गरिनेछ।

२.२.३. ग्रामीण कृषि उत्पादनको प्रशोधन गर्न आवश्यक प्रविधि उपलब्ध गराइनेछ।

२.२.४. जटिबुटी संकलन तथा प्रशोधन केन्द्रको सम्भाव्यता अध्ययन तथा स्थापना गरिनेछ।

२.२.५. परम्परागत व्यावसायिक मौरीपालनलाई प्रोत्साहन गरिनेछ।

२.२.६. गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन गरिनेछ।

२.२.७. संघ सरकारको साझेदारीमा उद्योग ग्रामको स्थापना गरिनेछ।

## २.३. पर्यटन नीति

२.३.१. गाउँपालिकाका पर्यटकीय स्थल तथा सम्पदाको सम्भाव्यता अध्ययन गरी पहिचान तथा संरक्षणको कार्य गरिनेछ।

२.३.२. परम्परागत संस्कार तथा संस्कृतिको संरक्षणमा जोड दिइनेछ।

२.३.३. नरहरिनाथ समृति भवनको निर्माण कार्य सम्पन्न गरी संग्रहालयको रुपमा विकास गरिनेछ।

२.३.४. पर्यापर्यटन तथा साहसिक पर्यटनको सम्भाव्यता अध्ययन तथा प्रवर्द्धन गरिनेछ।

२.३.५. सुनथराली एअरपोर्ट फिल्के खामाडाँडा हुँदै बडिमालिका पर्यटकीय पदमार्गको सम्भाव्यता अध्ययन गरिनेछ।

२.३.६. सुनथराली देखि मान्मसम्मको केबलकारको निर्माण कार्यलाइ निरन्तरता दिइनेछ।

## २.४. साझेदारी विकास

२.४.१. विकास आयोजना सञ्चालनको लागि सार्वजनिक क्षेत्र, निजी क्षेत्र, गैरसरकारी तथा अन्तराष्ट्रिय गैरसरकारी संघ संस्था तथा समुदायसँग आवश्यक समन्वय तथा साझेदारी गरिनेछ।

२.४.२. गाउँपालिका तथा गैर सरकारी संघ संस्थाबाट सञ्चालन हुने विभिन्न आयोजनाहरूको दोहोरोपना हटाउन आवश्यक समन्वय गरिनेछ।

२.४.३. गाउँपालिकाका ठूला पूर्वाधार निर्माणमा निजी क्षेत्रसँग आवश्यक साझेदारी गरिनेछ।

२.४.४. उपभोक्ता समितिको सट्टा टोल विकास समिति गठन गरी सो समितिमार्फत जनसहभागितामूलक विकासका कार्यहरू गर्न नीतिगत र कानूनी व्यवस्था गरिनेछ।

**सामाजिक विकास नीति**

**२.५. शिक्षा नीति**

२.५.१. सबै बालबालिकाको विद्यालयमा पहुँच सुनिश्चित गरिनेछ।

२.५.२. गाउँपालिकाको आवश्यकता, विद्यार्थीको चाप समेतको मध्यनजर गरी गाउँपालिकाका सम्पूर्ण विद्यालयहरूको शिक्षक दरबन्दी पुनरावलोकन गरिनेछ।

२.५.३. गरिब तथा जेहेन्दार विद्यार्थीको लागि छात्रवृतिको व्यवस्था गरिनेछ।

२.५.४. शैक्षिक पहुँच सुनिश्चितताको लागि अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

२.५.५. विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहनलाई बस्तुनिष्ठ रुपमा मुल्याङ्कन गरी वितरणको व्यवस्था मिलाइनेछ।

२.५.६. सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरूलाई निःशुल्क सेनिटरी प्याड विरतणको व्यवस्था मिलाइनेछ।

२.५.७. विद्यालयमा डिजिटल सिकाइ सामग्री वितरणको लागि आवश्यक व्यवस्था मिलाइनेछ।

**२.६. जनस्वास्थ्य नीति**

२.६.१. आधारभूत स्वास्थ्य सेवमा आम नागरिको पहुँच सुनिश्चित गरिनेछ।

२.६.२. गाउँपालिकामा भरपर्दो एम्बलेन्स सेवाको उपलब्धता गराइनेछ।

२.६.३. स्वास्थ्य संस्थाहरूको लागि आवश्यक स्वास्थ्य उपकरणको व्यवस्था गरिनेछ।

२.६.४. अशक्त, असहाय तथा जेष्ठ नागरिको लागि घरमा नै स्वास्थ्य जाँचको व्यवस्था गरिनेछ।

२.६.५. गाउँपालिकामा एकीकृत स्वास्थ्य शिविर सञ्चालन गरी स्वास्थ्य सेवा उपलब्ध गराइनेछ।

२.६.६. बहुक्षेत्रीय पोषण योजनालाई प्रभावकारी बनाइनेछ।

२.६.७. क्षयरोग नियन्त्रणको लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

२.६.८. मातृ तथा शिशु सुरक्षाका लागि विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ।

२.६.९. गाउँपालिकाको स्वास्थ्य संस्थाको सिफारिसमा अन्यन्त्र रिफर हुने सुत्केरी महिलाको लागि निःशुल्क एम्बुलेन्स वा यातायात खर्चको व्यवस्था गरिनेछ।

२.६.१०. स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारी रुपमा लागू गरिनेछ। गरिव परिवारको लागि स्वास्थ्य विमा गर्न अनुदानको व्यवस्था मिलाइनेछ।

**२.७. खानेपानी तथा सरसफाइ नीति**

२.७.१. सबै गाउँपालिका बासीलाई स्वच्छ खानेपानीको पहुँच सुनिश्चित गरिनेछ।

२.७.२. एक घर एक धारा नीति अवलम्बन गरिनेछ।

२.७.३. माथिल्लो अदेला खानेपानी योजना कार्यान्वयन गरिनेछ।

२.७.४. खानेपानीको स्रोतको अभाव भई खानेपानी पहुँच पुर्याउन नसकिएका क्षेत्रका बासिन्दाको लागि सोलार लिफ्टिङमार्फत खानेपानीको पहुँच सुनिश्चित गरिनेछ।

२.७.५. खानेपानी मुहान संरक्षणमा विशेष जोड दिइनेछ।

२.७.६. गाउँपालिकालाई पूर्ण सरसफाइयुक्त बनाउन आवश्यक कार्य गरिनेछ।

२.७.७. गाउँपालिकामा सरसफाइ सचेतना अभिवृद्धि गरिनेछ।

**२.८. संस्कृति तथा सम्पदा नीति**

२.८.१. गाउँपालिकाका ऐतिहासिक, सांस्कृतिक तथा धार्मिक सांस्कृतिक सम्पदाको पहिचान तथा संरक्षणको लागि तथ्याङ्क संकलन तथा अभिलेखीकरणको कार्य गरिनेछ।

२.८.२. योगी नरहरिनाथको अध्ययन केन्द्र निर्माणमा जोड दिइनेछ।

२.८.३. गाउँपालिकामा प्रचलनमा रहेका अमुर्त संस्कृति(नाचगान, गीतसंगीत तथा कला) को संरक्षण तथा प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरिनेछ।

**२.८.४. बालबालिका, युवा तथा जेष्ठ नागरिक**

२.८.४.१. बालबालिकाका लागि उपयुक्त स्थानमा बाल उद्यान निर्माण गरिनेछ।

२.८.४.२. विद्यालयमा बालबालिका मैत्री वातावरण निर्माणमा जोड दिइनेछ।

२.८.४.३. युवा स्वरोजगार लक्षित कार्यक्रम सञ्चालन गरी सीपमा आधारित रोजगारी/स्वरोजगारी सिर्जना गरिनेछ।

२.८.४.४. गाउँपालिका खेलकुद प्रवर्द्धन गर्न विभिन्न खेलकुद प्रतियोगिता आयोजना गरिनेछ।

२.८.४.५. जेष्ठ नागरिकको लागि उपयुक्त स्थानमा जेष्ठ नागरिक मिलन केन्द्र स्थापना गरिनेछ।

२.८.४.६. बैंक सम्म उपस्थित भइ सामाजिक सुरक्षा भत्ता लिन असमर्थ वर्गको लागि वडा स्तरबाट नै सामाजिक सुरक्षा भत्ता वितरणको लागि बैंकसँग समन्वय गरिनेछ।

२.८.४.७. महिलाहरुको सशक्तीकरणको लागि विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ।

२.८.४.८. अपाङ्गता भएका व्यक्तिहरूको जिविकोपार्जन संरक्षणमा विशेष ध्यान दिइनेछ।

**पूर्वाधार विकास**

**२.९. सडक पूर्वाधार सम्बन्धी नीति**

२.९.१. गाउँपालिकाभित्र बाह्रै महिना सहज यातायात सञ्चालनको लागि सडक निर्माण तथा सुधारका कार्यहरू निरन्तर गरिनेछ।

२.९.२. नरहरिनाथ रिङरोड निर्माणको दीर्घकालीन नीति लिइनेछ।

२.९.३. विभिन्न सडक तथा पर्यटकीय मार्ग निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

२.९.४. गाउँपालिका अपुरा सडक मार्गलाई पुरा गर्न आवश्यक कार्य गरिनेछ।

२.९.५. खुलालुदेखि गाउँपालिका सम्म तथा खुलालु देखि विश्वकुना सम्मको सडक मार्गको स्तरउन्नती गरिनेछ।

२.९.६. विश्वकुना देखि तलकोट छेडा हुँदै चुनासम्मको सडक निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

२.९.७. गाउँपालिकाको केन्द्रदेखि सबै वडा कार्यालयलाई सडक मार्गमा जोड्न आवश्यक बजेट व्यवस्था गरिनेछ।

२.९.८. गाउँपालिका केन्द्रसम्म सहज सार्वजनिक यातायात उपलब्ध गराउन आवश्यक समन्वय तथा साझेदारी गरिनेछ।

**२.१०. सूचना तथा संचार सम्बन्धी नीति**

२.१०.१. गाउँपालिकाको सबै क्षेत्रमा मोवाइल सेवाको पहुँच सुनिश्चित गर्न आवश्यक कार्य गरिनेछ।

२.१०.२. गाउँकार्यपालिकाको कार्यालय तथा सबै वडा कार्यालयहरूको इन्टरनेट सेवालाई गुणस्तरीय तथा भरपर्दो बनाइनेछ।

२.१०.३. गाउँपालिका विभिन्न क्षेत्रहरूमा निःशुल्क वाइफाइ सेवा जडानको कार्य गरिनेछ।

२.१०.४. गाउँपालिकाको लगानीमा सञ्चालित सुनथराली एफ.एम. लाई व्यवस्थित गर्न समिति गठन गरिनेछ। उक्त एफ.एम्. लाई आत्मनिर्भर बनाउन आवश्यक कार्य गरिनेछ।

**२.११. उर्जा विकास सम्बन्धी नीति**

२.११.१. हाल सञ्चालनमा रहेको जलविद्युत आयोजनाको व्यवस्थापन गरिनेछ।

२.११.२. गाउँपालिकाका सबै घरपरिवारलाई सौर्य उर्जाको पहुँच पुर्याइनेछ।

२.११.३. निर्माणाधीन लघु जलविद्युत आयोजनालाई सम्पन्न गर्न आवश्यक कार्य गरिनेछ।

२.११.४. गाउँपालिकाका विभिन्न क्षेत्रमा वायु उर्जाको सम्भाव्यता अध्ययनको लागि आवश्यक कार्य गरिनेछ।

**२.१२. भवन निर्माण नीति**

२.१२.१. गाउँपालिकाको भवन निर्माण सम्बन्धी मापदण्ड जारी गरिनेछ।

२.१२.२. तोकिएका क्षेत्रमा गाउँपालिकाबाट नक्सा पास गरी भवन निर्माणको अनुमति दिने कार्य सुचारु गरिनेछ।

२.१२.३. गाउँपालिकाको निर्माणाधीन भवनको निर्माण कार्य सम्पन्न गरी प्रयोगमा ल्याइनेछ।

२.१२.४. वडा कार्यालयहरूको भवन निर्माणको लागि आवश्यक कार्य गरिनेछ।

**२.१३. वातावरण तथा विपत्त व्यवस्थापन नीति**

२.१३.१. गाउँपालिकाको सडक छेउछाउ तथा खाली जमिनमा वृक्षारोपण कार्यक्रम सञ्चालन गरिनेछ।

२.१३.२. उपभोक्ता समिति तथा निर्माण व्यवसायीबाट निर्माण कार्य हुने आयोजना स्थल तथा सडकमा निश्चित संख्यामा अनिवार्य वृक्षारोपण गर्नुपर्ने नीति लिइनेछ।

२.१३.३. जैविक विधिधता संरक्षणको लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

२.१३.४. गाउँपालिका प्राकृतिक स्रोतको रुपमा रहेका जल, जंगल र जमिन सबै वडाका नागरिकले समान रुपमाले उपयोग गर्न पाउने नीति लिइनेछ।

२.१३.५. जलवायु परिवर्तन अनुकुल योजना कार्यान्वयनमा जोड दिइनेछ।

२.१३.६. विपत्त उत्थानशील योजना कार्यान्वयनमा जोड दिइनेछ।

२.१३.७. पहिरो रोकथामको लागि आवश्यक योजना तर्जुमा तथा सम्बन्धित संघ संस्थासँग साझेदारीमा कार्य गरिनेछ।

२.१३.८. परिरोग्रस्त क्षेत्रको पहिचान गरी पहिरो नियन्त्रण तथा हरियाली प्रवर्द्धनका कार्यहरू गरिनेछ।

२.१३.९. विपत्तमा परेका व्यक्ति तथा परिवारको लागि तत्काल राहत, उद्दार तथा पुनर्स्थापनाको लागि आवश्यक कार्य गरिनेछ।

**२.१४. संस्थागत विकास तथा सुशासन नीति**

२.१४.१. जनप्रतिनिधी तथा कर्मचारीहरूको क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

२.१४.२. गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी दरबन्दी पुनरावलोकन गरिनेछ।

२.१४.३. स्वीकृत दरबन्दीमा स्थायी कर्मचारी पदपूर्तीको लागि आवश्यक कार्य गरिनेछ।

२.१४.४. गाउँपालिकाका कर्मचारी तथा जनप्रतिनिधिको आचारसंहिता बनाइ लागू गरिनेछ।

२.१४.५. कर्मचारीको कामको उचित मुल्याङ्कन गरी पुरस्कार तथा दण्ड व्यवस्था लागू गरिनेछ।

२.१४.६. कार्यालयमा विनियोजन गरिने बजेटलाई सम्बन्धित वडाको जनसंख्या, भुगोल, राजश्वको क्षमता, विकासको अवस्था तथा आवश्यकता समेतको आधारमा विनियोजन व्यवस्था मिलाइनेछ।

२.१४.७. न्यायिक समितिलाई प्रभावकारी बनाउन आवश्यक क्षमता विकास गरी मुद्दाहरूलाई शीघ्र फछ्र्यौट गरिनेछ।

२.१४.८. गाउँपालिकाले हालसम्म तयार गरेका ऐन, नियम, निर्देशिका, मापदण्ड तथा कार्यविधिको पुनरावलोकन गरिनेछ।

२.१४.९. सार्वजनिक खरिद कार्यलाई व्यवस्थित गर्न आवश्यक नीति अवलम्बन गरिनेछ।

२.१४.१०. गाउँपालिकाका राजश्व प्रणालीमा सुधार गरिनेछ। सबै राजश्वहरू बैंकमा नै जम्मा गर्ने व्यवस्था मिलाइनेछ। राजश्वका नयाँ स्रोतको खोजी गरी गाउँपालिकाको आन्तरिक आय अभिवृद्धि गरिनेछ।

२.१४.११. नेपालको संविधान तथा सूचनाको हक सम्बन्धी कानूनले तोकेबमोजिम नागरिकको सूचनाको हकको कार्यान्वयन गर्न सार्वजनिक सुनुवाइ कार्यको थालनी गरिनेछ। साथै सूचनाको हकका अन्य व्यवस्थाको समेत प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाइनेछ।

अन्तमा, प्रस्तुत नीति तथा कार्यक्रमको कार्यान्वयनबाट गाउँपालिकाको समग्र विकासमा टेवा पुग्ने अपेक्षा लिएको छु। प्रस्तुत नीति तथा कार्यक्रम तयार पार्नमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउने सम्पूर्ण जनप्रतिनिधीहरू, पूर्व जनप्रतिनिधीहरू, राजनीतिक दलहरू, कर्मचारीहरू, शिक्षक, बुद्धिजीवी, आम नागरिक, सुरक्षाकर्मी, पत्रकार, गैरसरकारी संघसंस्थाहरू लगायत सम्पूर्णमा विशेष धन्यवाद व्यक्त गर्न चाहन्छु।

**धन्यवाद ।।।**

नगेन्द्र बहादुर विष्ट
अध्यक्ष
नरहरिनाथ गाउँपालिका